Annex - 2

# निजी अस्पतालहरुको गणना २०६९

# निर्देशिका

नेपाल सरकार

राष्ट्रिय योजना आयोगको सचिवालय

## केन्द्रीय तथ्याङ्क विभाग

रामशाहपथ, थापाथली, काठमाण्डौं

फोन : ०१-४२४५९४७, ०१–४२४५८४८, ०१–४२४५९१३,

फ्याक्स : ०१–४२२७७२०

**website: www.cbs.gov.np**

**email: environment@cbs.gov.np**

# विषयसूची

**भाग–१ गणनाको उद्देश्य र क्षेत्र**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमी | १ |
| १.२ | परिभाषा | १ |
| १.३ | गणनाको उद्देश्य | २ |
| १.४ | गणनाको क्षेत्र | २ |
| १.५ | सन्दर्भ अवधि | २ |
| १.६ | गोपनीयताको प्रत्याभूती | २ |

**भाग–२ प्रश्नावली .** **४-४४**

| | | |
|---|---|---|
| २.१ | प्रश्नावलीको सामान्य परिचय . | ३ |
| २.२ | बाहिरी पाना | ३ |
| खण्ड १ | निजी वा सामुदायिक अस्पतालको परिचयात्मक बिवरण | ४ |
| खण्ड २ | रोजगारी सम्बन्धी बिवरण | ७ |
| खण्ड ३ | अस्पताल बाट सेवा प्राप्त गरेका विरामीहरुको संख्या | ७ |
| खण्ड ४ | अस्पतालको कर्मचारी खर्च | ८ |
| खण्ड ५ | अस्पतालको संचालन खर्चहरु | ९ |
| खण्ड ६ | अस्पतालको आम्दानीको बिवरण | १३ |
| खण्ड ७ | स्थायी सम्पत्तिको बिवरण | १६ |
| खण्ड ८ | मौज्दातको बिवरण | २० |
| खण्ड ९ | अस्पतालले तिरेको कर तथा शुल्क | २२ |
| खण्ड १० | फोहोरमैला व्यवस्थापन सम्बन्धी विवरण | २३ |

# भाग १:		गणनाको उद्देश्य र क्षेत्र

## १.१ पृष्ठभूमी

सामान्य बोलीचालीको अस्पताल भन्नाले कुनै रोगहरुको निदान तथा उपचार गर्न आउने स्वास्थ्य संस्थालाई बुझ्ने गरिन्छ । अस्पताल भन्नाले कुनै एक वा सबै किसिमका रोगहरुको उपचार, निदानात्मक उपचार गरिने स्वास्थ्य केन्द्रलाई बुझ्ने गरिन्छ । अहिले, नेपालका सवैजसो प्रमुख शहरहरुमा सरकारी तथा निजी स्तरका अस्पतालहरु स्थापना भइ संचालनमा रहेको पाइन्छ । देशमा २०४६ को जनआन्दोलन पश्चात स्वास्थ्य क्षेत्रमा निजी तथा सामुदायिक स्वास्थ्य सेवाको विस्तारले निकै तिव्रता पाएको छ । साथै अस्पतालहरुको स्थापना र यसले प्रदान गर्ने सेवा पनि संख्यात्मक एवं गुणात्मक दुवै हिसाबले बढेको  पाइन्छ । यसै प्ररिप्रेक्ष्यमा निजी तथा सामुदायिक अस्पतालहरुले मुलुकको अर्थतन्त्रमा पुऱ्याएको योगदानको सहि आंकलन हुनु जरुरी छ भन्ने तथ्यलाई मनन् गरी केन्द्रीय तथ्याङ्क विभागले **"निजी अस्पतालहरुको गणना २०६९**" संचालन गर्न लागेको छ । यसमा कम्तीमा एक शैयाको (bed) सेवा उपलब्ध भइ अन्तरंग उपचार सेवा (Indoor patient service) संचालनमा रहेका निजी तथा सामुदायिक अस्पतालहरुलाई समावेश गरिएको छ । यस अन्तर्गत अन्तरंग उपचार सेवा प्रदान गर्ने निजी आयुर्वेदिक तथा होमियोप्याथिक अस्पतालहरुको पनि बिवरण संकलन गर्नुपर्दछ । तर अस्पताल बाहेक अन्य निजी क्षेत्रका स्वास्थ्य उपचार संस्था वा केन्द्रहरु जस्तै पोलिक्लिनिक, क्लिनिक आदिलाई यो गणनामा समेटिएको छैन ।

## १.२ परिभाषा

**अस्पतालः** यस गणनामा अस्पताल भन्नाले कम्तीमा एक शैया वा सो भन्दा बढी शैयाको अन्तरंग सेवा (Indoor patient service) उपलब्ध गराई कुनै एक रोग विशेष वा सबै प्रकारका रोगहरुको सबै प्रकारका उपचारहरु गराइने निजीस्तरमा खोलिएका वा सामुदायिक रुपमा स्थापना भएका अस्पतालहरुलाई सम्झनु पर्दछ । यस्तो अस्पताल नेपाल भित्र संचालनमा रहेको हुनु पर्दछ ।

### १.२ गणनाको उद्देश्य

यो गणनाका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

- नेपालमा निजी स्वास्थ्य क्षेत्रका विशेष गरी निजी अस्पतालहरुको वर्तमान आकार, स्वरुप र प्रकृति पहिचान गर्ने,
- निजी स्वास्थ्य क्षेत्रले अर्थतन्त्रमा पुऱ्याएको योगदानको अनुमान गर्ने,
- निजी स्वास्थ्य क्षेत्रमा रोजगारीको अवस्था विश्लेषण गर्ने,
- निजी स्वास्थ्य क्षेत्रको बातावरण संरक्षणको दृष्टिकोणबाट फोहरमैला व्यवस्थापन सम्बन्धी अध्ययन गर्ने ।

### १.४ गणनाको क्षेत्र

यस अस्पताल गणनामा प्रतिष्ठान गणना विधि **(Establishment Approach)** अवलम्बन गरिएको छ । यो गणनाको क्षेत्र अन्तर्गत नेपालमा दर्ता भएका चालु निजी तथा सामुदायिक अस्पतालहरु पर्दछन । तर कुनै अस्पतालले मेडिकल कलेजहरु पनि संचालन गरेको छ भने ती कलेजहरुको बिवरण संकलन नगरि अस्पतालको मात्र बिवरणहरु संकलन गर्नु पर्दछ ।

### १.५ सन्दर्भ अवधि

यो गणनामा २०६८ साल साउन १ गतेदेखि २०६९ साल आषाढ मसान्तसम्मको अवधिलाई सन्दर्भ अवधि निर्धारण गरिएको छ । २०६८ साल साउन १ गते अगावै बन्द भएका र २०६९ साल आषाढ मसान्तपछि शुरु भएका वा संचालन भएका अस्पतालहरु यो गणनामा समावेश हुने छैनन् । गणनामा समावेश भएका अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको संख्यात्मक बिवरण लेख्नको लागि २०६८ साल माघ १ गतेलाई सन्दर्भ दिन निर्धारण गरिएको छ ।

### १.६ गोपनीयताको प्रत्याभूती

यस प्रश्नावलीमा सोधिएका बिवरणहरु तथ्याङ्क ऐन २०१५ बमोजिम गोप्य रहनेछन् । यी बिवरणहरु सामूहिकरुपमा तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गरिनेछ । प्रत्येक अस्पतालको बिवरणलाई समान खाले अन्य अस्पतालको बिवरणसँग जोडेर सामूहिक तथ्याङ्क तयार पारिनेछ ।

# भाग २. प्रश्नावली

## २.१ प्रश्नावलीको सामान्य परिचय

**निजी अस्पतालहरुको गणना २०६९** को बाहिरी पानामा गोपनियताको प्रत्याभूती बारे संक्षिप्त प्रकाश पार्नुको साथै फाराम नम्बर  राखिएको छ भने भित्री पानामा गणनाको उद्देश्य, क्षेत्र, सन्दर्भ अवधि साथै परिचयात्मक बिवरण उल्लेख गरिएकोछ । यो प्रश्नावलीमा देहाय बमोजिम क्रमशः दशवटा खण्डहरु राखिएका छन् :–

खण्ड – १ : अस्पतालको  परिचयात्मक बिवरण
खण्ड – २ : रोजगार सम्बन्धी बिवरण
खण्ड – ३ : अस्पतालबाट सेवा प्राप्त गरेका  बिरामीहरुको संख्या
खण्ड – ४ : अस्पतालको कर्मचारी खर्च
खण्ड – ५ : अस्पतालको संचालन खर्चहरु
खण्ड – ६ : अस्पतालको आम्दानीको बिवरण
खण्ड – ७ : स्थायी सम्पत्ति सम्बन्धी बिवरण
खण्ड – ८ : मौज्दातको बिवरण
खण्ड – ९ : अस्पतालले तिरेको कर ,दस्तुर ,शुल्क आदिको बिवरण
खण्ड – १० : फोहोरमैला व्यवस्थापन सम्बन्धी बिवरण

## २.२ बाहिरी पाना (Cover Page)

### फाराम नम्बर

यो विभागीय प्रयोजनको लागि राखिएको हो । गणना कार्यको लागि खटिएका कर्मचारीहरुले फाराम नम्वर लेख्ने कोठा भर्नुपर्दैन । कुनै अस्पतालको बिवरण भरिएको प्रश्नावली विभागमा प्राप्त भएपछि तिनलाई सिलसिलेवार मिलाएर राख्नको लागि प्रत्येक प्रश्नावलीमा एउटा फाराम नम्बर उल्लेख गर्नुपर्छ । एउटा फाराममा उल्लेख गरिएको फाराम नम्बर पुनः दोहोरिन सक्दैन । फाराम नम्बरमा तीन वटा अंकको नम्बर लेख्ने स्थान दिइएको छ । यसमा प्राप्त प्रश्नावलीलाई क्रमैसँग ००१, ००२, ००३ गर्दै क्रम संख्या लेख्नुपर्दछ ।

**ध्यान दिनु पर्ने कुराहरु**

- अस्पताल भन्नाले निजी वा सामुदायिक अस्पताललाई सम्झिनु पर्दछ । यस गणनाको प्रयोजनको कम्तीमा एक शैयाको अन्तरंग उपचार सेवा सुविधा उपलब्ध हुनुपर्दछ । नेपालमा प्रचलित नियमानुसार दर्ता भै सन्दर्भ अवधिमा संचालन भएका यस्ता अस्पतालहरु गणनामा समावेश हुनेछन् ।
- यो गणनामा सरकारी निकायबाट संचालित अस्पतालहरु, निजी पोलिक्लिनीकहरु, प्याथोलोजी ल्याबहरु, फार्मेसीहरु, क्लिनिकहरुलाई समावेश गरिएको छैन ।
- यो प्रश्नावली भर्दा सम्पूर्ण अंक एवं अक्षरहरु नेपालीमा मात्र लेख्नुपदर्छ ।
- यो प्रश्नावलीमा मुल्य वा रकम उल्लेख गर्दा नेपाली रुपैयाको एकाई (unit) मा उल्लेख गर्नुपर्छ ।

## खण्ड १: निजी वा सामुदायिक अस्पतालको परिचयात्मक बिवरण

यस खण्डमा अस्पतालको नाम, ठेगाना आदि परिचयात्मक प्रश्नहरु राखिएको छ । यसमा जम्मा नौवटा प्रश्नहरु छन् । ती प्रश्नहरुको बारेमा तलका अनुच्छेदहरुमा क्रमशः वर्णन गरिएको छ ।

### १.१. अस्पतालको नाम

अस्पताल भन्नाले एउटै प्रशासनिक नियन्त्रणमा वा व्यवस्थापनमा कुनै निश्चित स्थानमा रही बिरामीहरुको अन्तरंग र बहिरंग उपचार सेवा उपलब्ध गराउने एकाईलाई बुझाउँछ । अस्पतालको नाम लेख्दा अस्पतालको रजिष्ट्रेशन गर्दाका वखत लेखिएको नाम वा साइनवोर्डमा लेखिएको नाम नेपाली र अंग्रेजी दुवै भाषामा स्पष्ट लेख्नु पर्दछ । अंग्रेजीमा लेख्दा ठूलो अक्षर (Capital letter) मा लेख्नु पर्दछ ।

### १.२. ठेगाना

### १.२.१. जिल्ला

अस्पताल सन्चालनमा रहेको जिल्लाको नाम यहाँ उल्लेख गर्नुपर्दछ । खाली राखिएको दुइवटा कोठामा सम्वन्धित जिल्लाको कोड लेख्नुपर्दछ ।

### १.२.२. गा.वि.स./ नगरपालिकाको नाम

अस्पताल सन्चालनमा रहेको नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका वा गाउँ विकास समितिको नाम स्पष्ट खुलाई लेख्नुपर्दछ ।

### १.२.३. वडा नं.

अस्पताल जुन वडामा सन्चालन भइरहेको छ सो वडा नं. यहाँ खुलाउनु पर्दछ ।

### १.२.४. टोल/गाउँ

अस्पताल अवस्थीत रहेको टोल/गाउँको नाम यहाँ उल्लेख गर्नुपर्दछ ।

**१.३** सम्पर्क टेलिफोन नं./ फयाक्स नं.

प्रश्नावली भर्ने क्रममा अस्पतालसंग सम्वन्धित बिवरणराख्ने प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै व्यक्तिसंग सम्पर्क गर्नु पर्ने हुन सक्छ । अस्पतालको टेलिफोन नम्वर र फ्याक्स नम्बर यहाँ उल्लेख गर्नुपर्दछ ।

### १.४ ईमेल ठेगाना

अस्पतालको मुख्य कार्यालयको इमेल ठेगाना यहाँ उल्लेख गर्नुपर्दछ ।

### १.५ वेवसाइट ठेगाना (Website address)

अस्पतालको वेब ठेगाना भए उक्त Website address ठेगाना यहाँ उल्लेख गर्नुपर्दछ ।

### १.६ अस्पताल संचालन मिति

अस्पतालले जहिलेदेखि अन्तरंग र बहिरंग सेवा संचालन गरी उपचार कार्य गर्न शुरु गऱ्यो सोही मिति यहाँ उल्लेख गर्नुपर्दछ । यसरी मिति उल्लेख गर्दा जुन सालदेखि सेवा शुरु गरेको हो सोही साल र महिना विक्रम सम्वतमा लेख्नु पर्दछ । जस्तैः २०५५ साल असारबाट सो अस्पताल सञ्चालनमा आएको रहेछ भने “२०५५, असार” लेख्नु पर्दछ ।

### १.७ अस्पतालको किसिम

कुनै पनि संस्था स्थापना एवं सन्चालन गर्दा एउटा निश्चित कानूनी आधारलाई टेकेर स्थापना गरिएको हुन्छ सोही कानूनी आधारलाई यहाँ वैधानिक स्थिति भनिएको छ । निजी अस्पतालहरुको गणना २०६९ मा अस्पतालको किसिमलाई देहाय बमोजिम तीन वर्गमा विभाजन गरिएको छ । अस्पतालको वैधानिक स्थिति वा किसिम जे हो सो बमोजिमको उपयुक्त कोडमा घेरा लगाउनुपर्दछ ।

### १. निजी

कुनै एक व्यक्ति वा व्यक्तिको समूहले एकलौटी वा संयुक्त रुपमा आफ्नो पूँजी लगानी गरी नाफा नोक्सान आफैले व्यहोर्ने गरी विभिन्न ऐन अनुसार जस्तै प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ वा कम्पनी ऐन अनुसार सन्चालन गरेका अस्पतालहरु वा नाफा नोक्सान सगोलमा सोही अनुपातमा व्यर्होने भनेर गरिएको सम्झौताको आधारमा साझेदारी ऐन २०२० वा यस्तै अन्य ऐनहरु वमोजिम दर्ता भई सञ्चालन भएका अस्पतालहरुलाई निजी अस्पतालहरुको भनिन्छ । यी अस्पतालहरुलाई कोड १ मा घेरा लगाउनुपर्दछ ।

### २. सामुदायिक अस्पताल

कुनै गैर सरकारी संघ, संस्था वा स्थानीय समुदायले समुदायका हितमा संचालन गरिएका अस्पतालहरुलाई कोड २ मा घेरा लगाउनुपर्दछ ।

### ३. अन्य (खुलाउने)

माथि उल्लेखित वैधानिक स्थिति वा कानूनी आधार वाहेक अरु कुनै प्रकारले संगठित भएको अस्पताल रहेछ भने त्यसलाई स्पष्ट हुनेगरी खुलाई कोड ३ मा घेरा लगाउनुपर्दछ ।

### १.८ अनुमती प्राप्त शैया ( Bed ) संख्या

निजी अस्पतालहरुले अस्पताल संचालन गर्नका लागि स्वीकृत प्राप्त शैया संख्या यसमा उल्लेख गर्नु पर्दछ ।

### १.९ हाल संचालित शैया (Bed) संख्या

निजी अस्पतालहरुले अस्पताल संचालन गर्नका लागि स्वीकृत प्राप्त शैया संख्या अनुसार पूर्ण क्षमतामा संचालन नभइ सो भन्दा कम शैया संख्याको उपचार सेवा संचालन गरेको हुन सक्छ । यस अवस्थामा अस्पतालले हाल संचालन गरिरहेको शैया संख्या यसमा उल्लेख गर्नु पर्दछ ।

## खण्ड–२ रोजगारी सम्वन्धी बिवरण

यस शिर्षक अर्न्तगत अस्पतालहरुमा नियमित रुपमा काम गर्ने कर्मचारीहरुको संख्या उल्लेख गर्नु पर्दछ । कर्मचारीहरुको प्रकारलाई व्यवस्थापक / संचालक, प्राविधिक ( डाक्टर, नर्स, हे.अ., अ.न.मी. आदि.), र प्रशासनिक गरी तीन प्रकारमा बिवरण संकलन गर्नुपर्दछ । कर्मचारीहरुको बिवरण लिंदा पुरुष, महिला छुट्याइ लिनु पर्दछ । अस्पतालमा काम गर्ने कर्मचारी अन्तर्गत व्यवसायी तथा सक्रिय साझेदार, मुख्य व्यवस्थापक लगायत तलब सुविधा नलिने अन्य व्यक्ति र अस्पतालमा काम गरे वापत नियमानुसार तलव, ज्याला, पारिश्रमिक नगदी वा जिन्सी पाउने व्यक्तिहरु (कर्मचारी) पर्दछन् । कर्मचारीको संख्या उल्लेख गर्दा २०६८ साल माघ १ गतेको दिन व्यवस्थापक, प्रशासकीय, चिकित्सा वा क्लिीनिकल क्षेत्रमा कार्यरत प्राविधिक र अन्य कार्यमा संलग्न व्यक्तिहरुको छुट्टाछट्टै संख्या उल्लेख गर्नुपर्दछ । कुनै कारणबस सो दिन अस्पताल वन्द रहेको भए त्यस पछि लगत्तै खुलेको दिनमा संलग्न कर्मचारीहरुको संख्या लेख्नुपर्दछ । छोटो अवधिको बिदा, विरामी बिदा, घर बिदा, सुत्केरी बिदा आदि लिई वसेका व्यक्तिलाई पनि कर्मचारीको संख्यामा सामेल गर्नुपर्दछ ।

### नियमित कर्मचारीहरु

कुनै अस्पतालमा कम्तिमा १८० दिन कामगरेका वा स्थायी तलबी कर्मचारीहरु र कुल कार्य समयको कम्तिमा एक तिहाई समय काम गर्ने वेतलबी कर्मचारीहरुलाई नियमित कर्मचारीको रुपमा वुझ्नु पर्दछ ।

## खण्ड ३. अस्पताल बाट सेवा प्राप्त गरेका विरामीहरुको संख्या :

अस्पतालहरुले बिरामीहरुलाई दिने सेवा विभिन्न प्रकारका हुन सक्छन । यस अन्तर्गत बहिरंग सेवा (Out patient service), अन्तरंग सेवा (In patient service) र अन्य प्रकारका सेवाहरु जस्तै आकस्मिक उपचार सेवा, निदानात्मक सेवाहरु जस्तै ल्याब परीक्षण, एक्सरे सेवा, भिडियो एक्स रे सेवा आदि हुन् । यस खण्ड अन्तर्गत बिवरण लिँदा अस्पतालले सेवा पुऱ्याएका बहिरंग अन्तर्गत, अन्तरंग अन्तर्गत, र अन्य अन्तर्गत बिरामीहरुको संख्या सन्दर्भ अवधी भित्रको मासिक बिवरणहरु संकलन गर्नु पर्दछ । कुनै बिरामी अस्पतालमा भर्ना नभएका तर आफ्नो रोगको निदान गर्न वा उपचार गर्न अस्पतालको सेवा लिन जाने बिरामीलाई बहिरंग बिरामी भनिन्छ र अस्पतालले दिने यस्तो सेवालाई बहिरंग सेवा (Outdoor patient service ) भनिन्छ । अस्पताल मै रात कटाउने गरी रोगको निदान वा उपचार गर्न भर्ना भएका बिरामीलाई अन्तरंग बिरामी भनिन्छ र अस्पतालले दिने यस्तो सेवालाई बहिरंग सेवा (Indoor patient service ) भनिन्छ । अस्पतालमा अन्तरंग र बहिरंग बाहेक अस्पताल भन्दा बाहिरका अस्पताल, वा चिकित्सक वा अन्यबाट रिफर भई कुनै रोगको ल्याब परीक्षण, भिडियो एक्सरे आदिको मात्र सेवा लिन आउने बिरामीहरु पनि हुन्छन् । यस्ता बिरामीहरुको बिवरण अस्पतालले बहिरंगसेवा वा अन्य अन्तर्गत छुट्टै राखिएका हुनसक्छ । बिवरण लिँदा अस्पतालले सेवा उपलब्ध गरेको मासिक बिरामी संख्या उल्लेख गर्नुपर्दछ ।

## खण्ड ४. अस्पतालको कर्मचारी खर्च :

अस्पतालमा कार्यरत स्थायी वा अस्थायी कर्मचारीहरुको सन्दर्भ अवधी भरि भुक्तानी भएको तलब, भत्ता, ज्याला, संचयकोष, दशैं खर्च, पोशाक भत्ता, आवास खर्च आदि वापतको एकमुष्ठ बार्षिक खर्चको बिवरण लिनुपर्दछ । कर्मचारीको तलव भन्नाले अस्पतालमा काम गरे वापत नियमानुसार पाउने नगद वा जिन्सी हो । कर्मचारीहरुले आफ्नो काम गरेको प्रत्येक महिना वा तोकेको अवधि बमोजिम निश्चित समयमा तलव ज्याला पाउँदछन् । तलव ज्यालाको रकम उल्लेख गर्दा सुरु तलव स्केलमा ग्रेडको रकम जोडी जम्मा रकम उल्लेख गर्नुपर्दछ । कतिपय अस्पतालहरुले आफ्ना कर्मचारीहरुलाई सन्चयकोष कट्टी भएको रकम बराबर थप गरी सन्चयकोष जम्मा गर्ने गरेका हुन्छन । त्यस्ता अस्पतालसंग सम्वन्धित कर्मचारीहरुको तलव भन्नाले सन्चयकोषमा थप गरिएको रकमलाई समेत

समावेश गरी हुन आउने रकमलाई वास्तविक तलव मानी प्रश्नावली भर्नुपर्दछ । यदि कुनै कर्मचारीले तलवको सट्टा जिन्सीको रुपमा केही प्राप्त गर्दछ भने उक्त जिन्सीलाई नगदमा रुपान्तरण गरी लेख्नु पर्दछ ।

सन्दर्भ अवधीमा कर्मचारीहरुलाई दिइएको तलब ग्रेड सहित, दशै खर्च तथा अन्य भत्ता रकम, कर्मचारीहरुको सञ्चयकोष कट्टी गरी त्यसमा अस्पतालले रकम थप गरिएका भए थप रकम, कर्मचारीको जीवन विमा गरिए वापतको प्रिमियम रकम अस्पतालले तिरेको भए उक्त विमा रकम, नागरिक लगानी कोष कट्टी गरी त्यसमा अस्पतालले रकम थप गरेको भए थप रकम, कर्मचारीलाई पोसाक सुविधा नगद वा जिन्सीमा उपलब्ध गराएको भए उक्त रकम, कर्मचारीलाई औषधि उपचार सुविधा वापत उपलब्ध गराइएको रकम, खाना, खाजा वापत उपलब्ध गराइएको रकम, सन्दर्भ अवधिमा अस्पतालले कर्मचारीलाई आवास सुविधा वापत उपलब्ध गराएको रकम, कर्मचारीलाई यातायात सुविधा वापत उपलब्ध गराएको रकम, अस्पतालले अवकाश प्राप्त कर्मचारीलाई उपदान वा पेन्सन वापत उपलब्ध गराएको रकम र यी वाहेक सन्दर्भ अवधिमा अस्पतालले कर्मचारीलाई उपलब्ध गराएको अन्य रकम - ओभर टाइम, विदा आदि महत्वपुर्ण खर्चहरु एकमुष्ठ बार्षिक रकम उल्लेख गर्नुपर्दछ ।

## खण्ड–५ अस्पतालको संचालन खर्चहरु :

यो गणनामा अस्पतालले सेवा प्रदान गर्दा मध्यवर्ती उपभोग (Intermediate consumption) अन्तर्गत गरिने खर्चहरु यस खण्डमा संकलन गरिन्छ । अस्पतालको खर्चका रकमहरु उपभोक्ताको मूल्य (consumer price) मा उल्लेख गर्नुपर्दछ । सन्दर्भ अवधीमा अस्पतालले कुनै वस्तु वा सेवाको खरिद गरेवापत र अस्पताल संचालनको क्रममा तिरेको वा तिर्नु पर्ने दायित्व सिर्जना भएका सबै प्रकारका रकमहरु यो खण्डमा उल्लेख गर्नु पर्दछ । वस्तु तथा सेवाको मध्यवर्ती उपभोग नगरी अन्तिम उपभोग नै सो अस्पतालले  गरेको भए उसले तिरेका सम्पुर्ण कर सहितको मूल्य यहाँ समावेश गर्नुपर्छ । आफूले चाहेको समय र स्थानमा वस्तु वा सेवा उपलब्ध गराउँदा लागेको यातायात खर्च पनि समावेश भएको छ भने त्यस्तो खर्चलाई वस्तु तथा सेवाको मूल्यमा समावेश गनुपर्छ । वस्तु वा सेवाको खरिद भारत वा तेश्रो मुलुकबाट गरेको भएपनि खरिद गर्दाको बखत लागेको रकम नेपाली रुपियाँमा लेख्नुपर्छ ।

### ५.१ भवन भाडा

यदि अस्पतालले सन्दर्भ अवधिमा अस्पताल संचालन प्रयोजनका लागि अरुको भवन, गोदाम तथा अन्य निर्माण (हरु) प्रयोग गरेको भए सो वापत तिरेको बार्षिक खर्च रकम रु. यस महलमा उल्लेख गर्नुपर्छ ।

### ५.२ जमिन भाडा

यदि अस्पतालले सन्दर्भ अवधिमा अस्पताल संचालन प्रयोजन जस्तै पार्किंगका लागि कसैको जमिन भाडामा लिएका भए सो वापत तिरेको बार्षिक खर्च रकम उल्लेख गर्नुपर्छ ।

### ५.३ अन्य भाडा (मेसिनरी औजार/उपकरण)

यदि अस्पतालले सन्दर्भ अवधिमा अरु व्यक्ति, संस्था वा अस्पतालको मेशिन उपकरण, फर्निचर, यातायातका साधन वा अन्य सामग्री भाडामा लिएको भए सो वापत तिरेको बार्षिक खर्च रकम यसमा लेख्नुपर्छ । जमिन र भवन तथा अन्य निर्माण वापतको भाडा बाहेक अरु जुनसुकै भाडा पनि यसै महलमा समावेश गर्नुपर्छ ।

### ५.४ स्वास्थ्य शिविर संचालन खर्च

अस्पतालले आफ्नो सेवालाई स्वास्थ्य सेवाको पहुँच नभएका क्षेत्रमा पनि पुर्‍याउने उद्देश्यले कुनै रोग विशेष वा सम्पुर्ण रोगहरुकोको उपचार सेवा वा स्वास्थ्य सल्लाह उपलब्ध गराउन बेलाबेलामा स्वास्थ्य शिविर संचालन गर्नेगर्दछ

। यस्ता शिविर संचालनका लागि भएको औषधी उपचार देखि व्यवस्थापनसम्मका भएका सम्पूर्ण खर्चको बार्षिक एकमुष्ठ रकम उल्लेख गर्नुपर्दछ ।

### ५.५ औषधी खरिद खर्च

अस्पतालले विभिन्न उपचार सेवाका लागि आवश्यक पर्ने विभिन्न प्रकारका औषधिहरु खरिद गरेको छ भने बार्षिक एकमुष्ठ रकम यसमा उल्लेख गर्नुपर्दछ । यस्ता खरिद गरिएका औषधिहरु निशुल्क वितरण वा शुल्क लिएर वितरण वा बिक्री गर्ने उद्देश्यले खरिद गरिएका हुन सक्छ ।

### ५.६ संचार खर्च

अस्पतालले सन्दर्भ अवधिमा संचारका साधनहरु जस्तै टेलिफोन, टेलेक्स, इमेल, इन्टरनेट, हुलाक, कुरियर, पत्र पत्रिका आदिमा गरेको बार्षिक खर्च रकम यसमा उल्लेख गर्नुपर्दछ ।

### ५.७ विद्युत पानी महशुल

अस्पतालले सन्दर्भ अवधिमा विद्युत, पानी महशुल र मिनरल वाटर (पिउने पानी) मा भएको खर्च वापत तिरेको बार्षिक खर्च रकम यसमा उल्लेख गर्नुपर्दछ ।

### ५.८ मसलन्द, छपाई तथा कार्यालय सामान सम्बन्धी खर्च

सन्दर्भ अवधिमा अस्पतालले छपाई तथा अन्य मसलन्द (जस्तै विल बुक, सूचना पुस्तिका, कार्यालय सामान आदिमा भएको खर्च वापत तिरेको  बार्षिक खर्च रकम यसमा उल्लेख गर्नुपर्दछ ।

### ५.९ विज्ञापन खर्च

सन्दर्भ अवधिमा अस्पतालले आफ्नो सेवा प्रवर्द्धन गर्न गरेको विज्ञापन खर्च (एफएम रेडियो, टेलिभिजन, पोष्टर, व्यानर, ब्रोसर आदि) मा भएको खर्च वापत तिरेको  बार्षिक खर्च रकम यसमा उल्लेख गर्नुपर्दछ ।

### ५.१० मनोरन्जन तथा अतिथी सत्कार खर्च

सन्दर्भ अवधिमा अस्पतालले सांस्कृतिक तथा अन्य मनोरन्जनात्मक कार्यक्रम र अतिथी तथा पाहुना सत्कारमा गरेको खर्च बार्षिक रकम उल्लेख गर्नुपर्दछ ।

### ५.११ इन्धन

सन्दर्भ अवधिमा अस्पतालको संचालनका लागि विद्युत उत्पादन तथा सवारी साधनमा  प्रयोग हुने इन्धन जस्तै ग्याँस, मट्टीतेल, पेट्रोल, डिजल, लुब्रिकेन्ट्स लगायतका इन्धनको बार्षिक खर्च रकम उल्लेख गर्नुपर्दछ ।

### ५.१२ सुरक्षा खर्च

सन्दर्भ अवधिमा अस्पतालले सुरक्षा शिर्षकमा गरिएका खर्चहरु जस्तै म्यान पावर मार्फत संस्थागत करार वा ठेक्कामा लिइएका कर्मचारी खर्च, तथा अन्य सुरक्षा सम्बन्धि खर्चको बार्षिक रकम उल्लेख गर्नुपर्दछ ।

### ५.१३ ज्याला

सन्दर्भ अवधिमा अस्पतालले आवश्यक परेको समयमा छोटो समयका लागि पटके ज्याला वा दैनिक ज्यालादारी वा ठेक्कामा भएको कामको ज्याला सम्बन्धि बार्षिक खर्च रकम उल्लेख गर्नुपर्दछ ।

### ५.१४ कानुनी तथा सल्लाहकार खर्च

सन्दर्भ अवधिमा अस्पतालले कानूनी तथा अन्य सल्लाहाकार सेवामा गरेको खर्च बार्षिक रकम उल्लेख गर्नुपर्दछ ।

### ५.१५ तालिम, गोष्ठी खर्च

सन्दर्भ अवधिमा अस्पतालले तालिम, गोष्ठीमा गरेको खर्च बार्षिक रकम उल्लेख गर्नुपर्दछ ।

### ५.१६ लेखा परीक्षण खर्च

सन्दर्भ अवधिमा अस्पतालले आफ्नो कारोबार सम्बन्धमा गरेको लेखा परीक्षण सेवामा गरेको बार्षिक खर्च रकम उल्लेख गर्नुपर्दछ ।

### ५.१७ संचालक समितिको बैठक, अन्य बैठक खर्च

सन्दर्भ अवधिमा अस्पतालले संचालक समितिको बैठक वा अस्पतालमा हुने गरेका बैठकहरुमा हुने गरेका खाजा खर्च, मसलन्द जस्ता खर्चहरु एकमुष्ठ बार्षिक खर्च रकम उल्लेख गर्नुपर्दछ ।

### ५.१८ निर्जीवन विमा खर्च

सन्दर्भ अवधिमा अस्पतालले निर्जीवन विमा (घर, सवारी साधन, मेसिनरी सामान आदि) वापत तिरेको प्रिमियम बार्षिक रकम उल्लेख गर्नुपर्दछ ।

### ५.१९ बैंक कमिशन

सन्दर्भ अवधिमा अस्पतालले बैंक सेवा लिए वापत बैंकलाई भुक्तानी गरेको बैंक कमिशन खर्चको बार्षिक खर्च रकम उल्लेख गर्नुपर्दछ ।

### ५.२० ब्याज भुक्तानी

सन्दर्भ अवधिमा बैंक तथा वित्तीय संस्थाबाट वा कुनै अन्य व्यक्ति वा संस्थाबाट लिएको ऋणको ब्याज यदि सन्दर्भ अवधिमा तिरेको भए सो रकम यस महलमा उल्लेख गर्नुपर्छ । ब्याजबाहेक बैंकले लिने अरु शुल्कलाई यसमा समावेश गर्नुहुँदैन ।

### ५.२१ लाभांश वितरण

सन्दर्भ अवधिमा अस्पतालले नाफा रकम मध्येबाट सरोकारवालाहरुलाई कुनै प्रकारबाट वितरण गरेको लाभांशको एकमुष्ठ बार्षिक रकम उल्लेख गर्नुपर्दछ ।

### ५.२२ चन्दा, दान, उपहार

सन्दर्भ अवधिमा अस्पतालले कसैलाई दिएको चन्दा, दान तथा यस्तै किसिमका उपहारको बार्षिक रकम उल्लेख गर्नुपर्दछ ।

### ५.२३ क्षतिपुर्ति

यदि अस्पतालले सन्दर्भ अवधिमा कुनै कारणबश कुनै व्यक्ति वा संस्थालाई क्षतिपुर्ति तिरेको रहेछ भने उक्त रकम बार्षिक एकमुष्ठ रकम उल्लेख गर्नुपर्दछ ।

### ५.२४ अन्य खर्च

माथि उल्लेख नभएका सन्दर्भ अवधिमा अस्पतालले गरेका अन्य विविध खर्चहरुको बार्षिक एकमुष्ठ रकम यहाँ उल्लेख गर्नुपर्दछ ।

## खण्ड–६ अस्पतालको आम्दानीको बिवरण

यस खण्डमा अस्पतालहरुको सम्पूर्ण आम्दानीलाई समेटन खोजिएको छ । यो गणनाको दायरा भित्र पर्ने अस्पतालहरुले रोगको निदान, वा उपचार र अन्य क्रियाकलापहरुबाट आम्दानीहरु गरेका हुन्छन् । अस्पतालको आम्दानीका बिवरणहरु विस्तृतरुपमा आउनसक्छ । जस्तै अस्पतालले शल्यक्रिया, एनेस्थेसिया, डेन्टल, ECG, Emergency, Gyno, Surgery, Lab Test, Neuro surgery, CT scan, Physio, Urology, USG, Xray, Minor OT, OPD income, Endoscopy, Histopathology, Pharmacy income, Canteen service , lab test जस्ता सेवाहरु उपलब्ध गराउँदा आम्दानी गरेका हुनसक्छन् । ति आम्दानीहरुलाई मिल्दो शिर्षक अन्तर्गत एकमुष्ठ आम्दानी रकम उल्लेख गर्नुपर्दछ । यस्तो रकम यो खण्ड ६ को उपयुक्त लहरमा राख्नुपर्छ । यो खण्डमा जम्मा १५ वटा आम्दानीका शिर्षकहरु राखिएका छन् । ती शिर्षकहरुको बारेमा तल क्रमशः चर्चा गरिएको छ ।

### ६.१ बिरामी दर्ता शुल्कबाट आम्दानीः

अस्पतालले विरामीलाई उपचार सेवा प्रदान गर्दा बहिरंग, अन्तरंग वा आकस्मिक सेवा अन्तर्गत दर्तागरि निश्चित तोकिएको निर्धारित शुल्क लिएको हुन्छ । सन्दर्भ अवधिमा अस्पतालले यस प्रकारको बिरामीदर्ता प्रक्रियाबाट आम्दानी गरेको शुल्कको बार्षिक एकमुष्ठ रकम उल्लेख गर्नुपर्दछ ।

### ६.२ बिरामी भर्नाबाट आम्दानीः

अस्पतालले विरामीलाई उपचार सेवा प्रदान गर्दा अन्तरंग सेवा अन्तर्गत भर्ना गरि उपचार सेवाबापत शुल्क लिएको हुन्छ । सन्दर्भ अवधिमा अस्पतालले यस प्रकारको बिरामीभर्ना प्रक्रियाबाट आम्दानी गरेको शुल्कको बार्षिक एकमुष्ठ रकम उल्लेख गर्नुपर्दछ ।

### ६.३ शल्य क्रियाबाट आम्दानीः

अस्पतालले विरामीलाई उपचार सेवा प्रदान गर्दा शल्यक्रिया पनि गर्नुपर्दछ । अस्पतालले बिरामीलाई शल्यक्रिया गर्दा प्राप्त आम्दानी बार्षिक एकमुष्ठ रकम उल्लेख गर्नुपर्दछ ।

### ६.४ निदानात्मक सेवा (Diagnostic test) बाट आम्दानीः

अस्पतालले सेवा प्रदान गर्दा विभिन्न प्रकारका निदानात्मक परीक्षणहरु जस्तै एक्स रे, अल्ट्रासाउण्ड, एम आर आइ, सिटी स्क्यान, विभिन्न रक्त परीक्षण, इसिजी, इको, दिसापिसाब आदि परीक्षणहरु गर्ने गर्छन । उक्त निदानात्मक परीक्षणबाट प्राप्त आम्दानी गरेको शुल्कको बार्षिक एकमुष्ठ रकम उल्लेख गर्नुपर्दछ ।

### ६.५ औषधी बिक्रीबाट आम्दानीः

अस्पतालले सेवा प्रदान गर्दा आफ्नै लगानीमा अस्पताल परिसर भित्रै फार्मेसी खोली वा नखोली औषधी विक्री गर्न सक्छ । यस्तो औषधि विक्रीबाट प्राप्त आम्दानी बार्षिक एकमुष्ठ रकम यहाँ उल्लेख गर्नुपर्दछ ।

### ६.६ स्वास्थ्य शिविर संचालनबाट आम्दानीः

अस्पतालले कहिले काँही ग्रामीण वा नगरका विभिन्न क्षेत्रमा स्वास्थ्य परीक्षण वा उपचार सेवा प्रदान गर्ने ध्ययले स्वाथ्य शिविर संचालन गरेका हुनसक्छ । यसरी शिविर संचालन गर्दा कुनै सेवा प्रदान गर्दा शुल्क लिइ स्वास्थ्य परीक्षण वा उपचार सेवा प्रदान गरेको रहेछ भने सो वापत प्राप्त आम्दानी बार्षिक एकमुष्ठ रकम उल्लेख गर्नुपर्दछ ।

### ६.७ जमिन भाडामा दिएवापत आम्दानीः

यदि अस्पतालले सन्दर्भ अवधिमा कुनै प्रकारको शर्तमा भाडामा आफ्नो जमिन अरुलाई प्रयोग गर्न दिएको भए सो वापत पाएको बार्षिक एकमुष्ठ रकम उल्लेख गर्नुपर्दछ ।

### ६.८ भवन भाडामा दिए वापतको आम्दानी

यदि अस्पतालले सन्दर्भ अवधिमा आफ्नो भवन तथा अन्य निर्माण(हरु) अरुलाई प्रयोग गर्न दिएको भए सो वापत पाएको रकम यस महलमा उल्लेख गर्नुपर्छ । यदि कुनै अस्पतालले क्यान्टीन वा औषधि पसल चलाउनको लागि अरु कसैलाई भाडामा दिएको भए सो वापत प्राप्त रकम यसमा समावेश गर्नुपर्छ । तर आफैले क्यान्टीन वा औषधि पसल सञ्चालन गरेको भए सो बाट प्राप्त आयलाई अन्यत्र राख्नुपर्छ ।

### ६.९ उपकरण भाडामा दिए वापतको आम्दानी

यदि अस्पतालले सन्दर्भ अवधिमा अरु व्यक्ति वा अस्पताललाई आफ्नो स्वामित्वको कुनै मेशिन उपकरण जस्तै भिडियो एक्सरे मेसिन भाडामा दिएको भए सो वापत पाएको बार्षिक एकमुष्ठ रकम उल्लेख गर्नुपर्दछ ।

### ६.१० एम्बुलेन्स सेवाबाट प्राप्त आम्दानी

अस्पतालले सेवा प्रदान गर्नेक्रममा एम्बुलेस सेवा पनि प्रदान गरेको हुन्छ । यदि अस्पतालले सन्दर्भ अवधिमा आफ्नो स्वामित्वमा भएको एम्बुलेन्स सेवा प्रदान गरे वापत शुल्क लिएको भए सो वापत पाएको एकमुष्ठ रकम उल्लेख गर्नुपर्छ ।

### ६.११ ब्याजबाट प्राप्त आम्दानी

विगतमा वा सन्दर्भ अवधिमा अस्पतालले कसैलाई ऋण दिएको भए सो को ब्याज, बैंक तथा वित्तीय संस्थामा रहेका आफ्नो नगद मौज्दातबाट प्राप्त गरेको ब्याज वा ऋणपत्र आदि खरिद गरेको भए सो वापत प्राप्त ब्याज र ब्याज सम्बन्धी अन्य रकमहरु यदि सन्दर्भ अवधिमा प्राप्त गरेको भए सो रकमको जोड बार्षिक एकमुष्ठ रकम उल्लेख गर्नुपर्छ । ब्याज बाहेक चन्दा, दान, उपहारहरुलाई यसमा समावेश गर्नुहुँदैन ।

### ६.१२ लाभांशबाट प्राप्त आम्दानी

यदि अस्पतालले अन्य कुनै अस्पताल वा अन्य व्यवसायमा शेयर लगानी गरेको रहेछ भने सो वापत सन्दर्भ अवधिमा प्राप्त गरेको लाभांश रकमलाई यस महलमा जोडेर लेख्नुपर्दछ । बोनस शेयर प्राप्त गरेको भए पनि सो वापतको रकम यहाँ समावेश गर्नुपर्छ ।

### ६.१३ क्षतीपूर्तिबाट प्राप्त आम्दानी

यदि अस्पतालले आफ्नो स्वामित्व वा संचालनमा भएका सम्पति वा साधनहरु क्षति भई सो वापत कुनै व्यक्ति वा संस्था वा कम्पनीबाट क्षतीपूर्तिबाट रकम प्राप्त गरेको रहेछ भने सो वापतको रकम यहाँ उल्लेख गर्नुपर्छ । तर सो वापतको क्षतीपुर्ति वीमाबाट पाएको रहेछ भने यहाँ उल्लेख गर्नुपर्दैन ।

### ६.१४ फोहरमैलाको बिक्रीबाट प्राप्त आम्दानी

यदि अस्पतालले अस्पतालमा उत्पन्न भएको विभिन्न प्रकारको फोहरमैला विक्री गरी आम्दानी गरेको भए सो वापतको रकम यहाँ समावेश गर्नुपर्छ ।

### ६.१५ अन्य आम्दानी

यदि अस्पतालले माथि उल्लेख भएका शिर्षकहरुमा नपर्ने खालका अन्य क्रियाकलापहरुबाट जस्तै फुड तथा अन्य

काउन्टर संचालन, पार्किङ शुल्क वापत आदिबाट आर्जन गरेको रकम आम्दानी सन्दर्भ अवधिमा प्राप्त गरेको भए बार्षिक एकमुष्ठ रकम यहाँ समावेश गर्नुपर्छ ।

## खण्ड–७: स्थायी सम्पत्तिको बिवरण

“स्थायी सम्पत्ति” भन्नाले बिक्री गरी फाइदा उठाउने उद्देश्य नभई केवल अस्पतालको सेवा संचालन वा तत्सम्बन्धी अन्य कार्य सञ्चालन गर्न जोडजाम (Installation) गरिएका एक वर्षभन्दा बढी अवधीसम्म खप्ने खालका वस्तुहरूलाई जनाउँछ । यस्तो स्थायी सम्पत्ति दृश्य (Tangible) वा मूर्त पनि हुनसक्छ र अदृश्य (Intangible) वा अमूर्त पनि हुनसक्छ । स्थायी सम्पत्तिको खरिद रकम लेख्दा उक्त सम्पत्ति अस्पतालसम्म ल्याई जडान गर्दा लागेको खर्च र त्यसमा लागेको अप्रत्यक्ष कर तथा महशुल आदि समेत समावेश गरी एकमुष्ट खुलाउनु पर्दछ । यहाँ स्थायी सम्पत्ति भन्नाले जमिन, भवन तथा अन्य निर्माण, मेशिन र अन्य उपकरण, कम्प्यूटर सफ्टवेयर र डाटावेस, फर्निचर, यातायातका साधन, र अन्य सम्पतीलाई जनाउँछ ।

प्रश्नावलीमा उपरोक्त किसिमका स्थायी सम्पत्तिको किसिम अनुसारको निम्न बिवरणहरु संकलन गर्नुपर्दछ । :–

१. सन्दर्भ अवधिको शुरूमा रहेको स्थायी सम्पत्ति

२. सन्दर्भ अवधिमा थप गरेको स्थायी सम्पत्ती

३. पूँजीगत मर्मत सम्भार गर्दाको लागत

४.सन्दर्भ अवधिमा आफ्नै प्रयोगको लागि आफ्नै श्रमशक्तिबाट उत्पादित स्थायी सम्पतिको रकम (नियमित कर्मचारीले बढे बढाएको सम्पत्ति)

५. सन्दर्भ वर्षमा भइरहेको पूँजिगत प्रगति कार्यको लागत

६. सन्दर्भ अवधिमा दैवी प्रकोप तथा अन्य कारणबाट स्थायी सम्पतिको क्षति

७. स्थायी सम्पति विक्रीबाट प्राप्त रकम

८. बार्षिक ह्रास कट्टीको कुल रकम

अस्पतालको स्वामित्वमा रहेका सबै किसिमका स्थायी सम्पत्तिको मूल्यांकन गरी तालिकाको उपयुक्त कोठामा सो मूल्यांकनलाई रुपैयांमा उल्लेख गर्नुपर्छ । यसरी रकम  उल्लेख गर्दा रु. हजारमा उल्लेख गर्नु पर्दछ । यस खण्डमा समावेश गरिएका उपरोक्त किसिमका स्थायी सम्पत्तिहरुको बारेमा तल व्याख्या गरिएको छ ।

### महल ३: जमिन

कुनै पनि अस्पताल एक निश्चित कम्पाउण्ड भित्र स्थापना भई सञ्चालनमा आएको हुन्छ । स्वास्थ्य सेवा प्रदान गर्नकालागि अस्पतालको कम्पाउण्ड भित्र बनेका घर, गोदाम, भोजनालय, प्रशासनिक कार्यालय, आदिले ओगटेको जमिनबाहेक अन्य बाँकी खाली रहेको जमिनको मूल्य यस शिर्षक अन्तर्गत राख्नु पर्दछ । यदि कुनै अस्पतालले जमिन भाडामा लिई कुनै पनि प्रकारले अस्पतालको कुनै कार्य सञ्चालन गरेको रहेछ भने उक्त जमिन यस अन्तर्गत पर्दैन । अस्पतालका संस्थापकहरुको निजी जग्गा जमिनलाई यहाँ उल्लेख गर्नु हुँदैन । सन्दर्भ अवधिमा आफ्नै नियमित कर्मचारीले बढे बढाएर र पूँजीगत मर्मत सम्भार गरेर जमिन नबढने भएकोले यी दुई प्रकारका बिवरण भर्ने कोठामा स्याडो (Shadow) लगाइएको  छ । त्यहाँ कुनै बिवरण भर्नुहुँदैन ।

### महल ४: भवन र अन्य निर्माण

यस अन्तर्गत अस्पतालले स्वास्थ्य सेवा उपलब्ध गराउन प्रयोग गरिरहेका भवनहरू (अस्पताल भवन, गोदाम घर,

कार्यालय भवन, औषधि भण्डार, विश्राम घर, कर्मचारी आवासिय घर आदि) र निर्माण भईरहेको भवनलाई समेत समावेश गर्नुपर्दछ । तर यहाँ उल्लेखित भवन तथा अन्य निर्माण अस्पतालको परिसर भित्र हुनु आवश्यक हुन्छ । अस्पतालले भाडामा वा बन्धकमा लिई राखेको भवन भए त्यस्ता भवन यहाँ समावेश गर्नु हुँदैन ।

उदाहरणको लागि एबिसी अस्पतालले कुनै व्यक्तिको घर भाडामा लिई चलाएको छ । सो भवन उक्त अस्पतालको स्वामित्वको भवन होइन । यस्तो भवनको यहाँ मूल्यांकन गर्नुपर्दैन । यस्तो भवनको भाडा अस्पतालले घरधनीलाई तिर्दछ । भवन भाडाको सम्बन्धीत महलमा उल्लेख गर्नुपर्छ ।

तर काठमाण्डौको एक्स् अस्पताल भएको भवन सो अस्पतालकै स्वामित्वमा रहेको भवन हो । यो भवनको अगाडी र भित्रपट्टिका केही सटरहरु भाडामा लगाइएका छन् । आफ्नो स्वामित्वको भवन भएको अवस्थामा सम्पूर्ण भवनको मूल्यांकन गरी रकम यहाँ उल्लेख गर्नुपर्छ । यसरी मूल्यांकन गर्दा सो भवनले चर्चेको घडेरीको मूल्य पनि सो मूल्यांकनमा जोडेर लेख्नुपर्छ ।

**महल ५: मेशीन र अन्य उपकरण**

स्वास्थ्य सम्बन्धि विभिन्न निदानात्मक वा परीक्षण सेवा, उपचार सेवा संचालन गर्ने प्रयोजनका लागि आवश्यक हुने अस्पतालको स्वामित्वमा रहेका सबै किसिमका मेशीन, पार्टपूर्जा र खप्ने वर्गमा पर्ने सबै थरी उपकरणहरु यस शिर्षक अन्तर्गत पर्दछन् । उदाहरणको निमित्त एक्सरे मेशिन, इसिजी मेसिन, भिडियो एक्सरे मेसिन, क्यामेरा, प्रोजेक्टर, विद्युत मोटर, जेनेरेटर, कम्प्युटर, अन्य मेशिन यन्त्र वा उपकरणहरू आदि जस्ता टिकाउ सामानहरू यसमा समावेश गर्नुपर्दछ । तर भाडामा ल्याएका मेशीनरी सामानहरू यस अन्तर्गत समावेश गर्नु हुँदैन ।

**महल ६: फर्निचर**

यस अन्तर्गत अस्पतालको उत्पादन र प्रशासनिक कार्यमा प्रयोग भई रहेका फर्निचर, जस्तै : कुर्सी, टेबुल, दराज आदि स्थायी सम्पत्तिहरु यस शिर्षक अन्तर्गत पर्दछन् ।

**महल ७: सवारी साधनहरु**

अस्पतालको स्वामित्वमा रहेका सबै आवागमन तथा ढुवानीका साधनहरूलाई सवारीका साधन सम्झनुपर्दछ । जस्तैः बस, कार, जीप, भ्यान, ट्रक, मोटरसाइकल आदि । तर भाडामा लिई राखेका यातायातका साधनहरू यसमा समावेश गर्नु हुँदैन ।

**महल ८: अन्य**

यसमा अन्य दृश्य सम्पत्ति र अन्य अदृश्य सम्पत्ति पर्दछन् । अन्य दृश्य स्थायी सम्पत्तिहरू भन्नाले माथि उल्लेख नभएका जस्तै : मूल्यबान वस्तुहरू (Valuables), अस्पतालको कार्यालयको कोठामा सजावटका लागि राखिएका बहुमूल्य तस्वीरहरू, जमिनमा लगाइएका रूखहरू आदि पर्दछन भने अन्य अदृश्य सम्पत्ति भन्नाले जस्तै ट्रेड मार्क, ख्याती (Goodwill) आदि पर्दछन । यस्ता सम्पत्तिहरु अरुलाई प्रयोग गर्न दिए वापत भाडा वा रोयल्टी प्राप्त हुन सक्छ । यदि कुनै अस्पतालले यस्ता सम्पत्तिहरुको मूल्यांकन गरेको भएमा सो को रकम यस शिर्षक अन्तर्गत राख्नुपर्छ ।

**माथि उल्लेखित स्थायी सम्पत्तिको बिवरण प्रश्नावलीका देहाय बमोजिमका सम्बन्धित लहरमा उल्लेख गर्नु पर्दछ :**

**७.१ सन्दर्भ वर्षको शुरूमा रहेको स्थायी सम्पत्ति**

सन्दर्भ अवधिको शुरूमा अस्पतालमा रहेको माथि उल्लिखित स्थायी सम्पत्ति (जमिन, भवन तथा अन्य निर्माण, मेशिन तथ अन्य उपकरणहरु, कम्प्युटर, यातायातका साधनहरु, फर्निचर तथा अन्य र सफ्टवेयर आदि)को मूल्य सम्बन्धित महलमा लेख्नुपर्दछ ।

### ७.२ सन्दर्भ वर्षमा थप गरिएको स्थायी सम्पत्ति

माथि उल्लिखित स्थायी सम्पत्ति मध्ये कुनै सम्पत्ति सन्दर्भ अवधि भित्र नयाँ थप गरिएको भए वा सन्दर्भ अवधि भित्र प्रयोग भईरहेको कुनै स्थायी सम्पत्ति खरिद गरिएको भए सो थप सम्पत्तिको खरिद रकम महलको सम्बन्धित महलमा लेख्नु  पर्दछ । उदाहरणको लागि यदि कुनै अस्पतालले सन्दर्भ अवधिमा आफ्नो अस्पताल भवनमा अर्को पनि एउटा एनेक्स भवन थप गरेको भए उक्त नयाँ भवन थप गर्दा लागेको लागत रकम उल्लेख गर्नु पर्दछ ।

### ७.३ पूँजीगत मर्मत सम्भार गर्दाको लागत

अस्पतालको स्वामित्वमा रहेको विभिन्न किसिमका स्थायी सम्पत्तिहरूमा यदि सन्दर्भ अवधिमा प्रमुख सुधार, मर्मत सम्भार र जिर्णोद्धारको काम अरूबाट गराएको रहेछ भने त्यसको लागत सम्बन्धित कोठामा लेख्नु पर्दछ । "पूँजीगत मर्मत सम्भार" भन्नाले स्थायी सम्पत्ति भित्र पर्ने साधनहरूको आयु बढाउने मर्मतलाई बुझ्नु पर्दछ । जमिनको पूँजीगत मर्मत सम्भार गर्न सकिंदैन ।

### ७.४ सन्दर्भ अवधिमा आफ्नै प्रयोगको लागि आफ्नै श्रमशक्तिबाट उत्पादित स्थायी सम्पतिको रकम

अस्पतालले आफ्नो निमित्त प्रयोग भई रहेको स्थायी सम्पत्तिमा आफ्नो नियमित श्रमशक्ति लगाई पूँजीगत मर्मत सम्भार र जिर्णोद्धार गरेका हुन्छन । त्यही काम अन्य कसैवाट गराउँदा खर्च लाग्न सक्छ । यस्तो अनुमानित रकम सम्बन्धित कोठामा लेख्नु पर्दछ । तर जमिनलाई त्यसरी बढाउन सकिंदैन । त्यसैले जमिनको सन्दर्भमा यो  भर्नुपर्दैन ।

### ७.६ सन्दर्भ अवधिमा दैवी कारणबाट भएको स्थायी सम्पत्तिको क्षति

दैवी प्रकोप जस्तैः भूकम्प, आगलागी, बाढी वा दुर्घटना आदि खालको कुनै कारणबाट माथि उल्लिखित कुनै पनि स्थायी सम्पत्तिको क्षति सन्दर्भ अवधिमा हुन गएको भएमा सो क्षति बराबरको मूल्य यस शिर्षक अन्तर्गतको सम्बन्धित कोठामा उल्लेख गर्नु पर्दछ । त्यसरी क्षति भएको स्थायी सम्पत्तिको यदि वीमा गरिएको रहेछ र अस्पतालले वीमा वापत सो क्षतिको क्षतिपूर्ति पाएको भएपनि सो क्षति बराबरको रकम यहाँ उल्लेख गर्नुपर्नेछ ।

### ७.७. स्थायी सम्पत्ति विक्रीबाट प्राप्त रकम

सन्दर्भ अवधिमा यदि अस्पतालले आफ्नो स्वामित्वको कुनै प्रकारको स्थायी सम्पत्ति विक्री गरेको रहेछ भने सो वापत प्राप्त रकम यहाँ उल्लेख गर्नु पर्दछ ।

### ७.८. बार्षिक ह्रास कट्टीको कुल रकम

यदि अस्पतालले आफ्नो स्वामित्वको कुनै प्रकारको स्थायी सम्पत्तिमा बार्षिक ह्रासकट्टी गर्ने गरेको छ भने सो वापतको रकम यहाँ उल्लेख गर्नु पर्दछ ।

## खण्ड ८: मौज्दातको बिवरण

यस खण्ड अन्तर्गत निम्न चार प्रकारका वस्तुहरुको मौज्दात रकम उल्लेख गर्नु  पर्दछ :

१. इन्धन   २. सर्जिकल सामग्री   ३. औषधी   ४. अन्य

### सन्दर्भ अवधिको सुरु र अन्त्यमा रहेको मौज्दात

निश्चित अवधिमा खरिद गरिएको वस्तुहरु, इन्धन, औषधीहरु कुनै कारणले खर्च नभई वा बाँकि रहेका वस्तुहरुलाई मौज्दात भनिन्छ । यहाँ मौज्दात भन्नाले सन्दर्भ बर्षको सुरुको र अन्त्यको मौज्दात बुझ्नु पर्दछ । तसर्थ सन्दर्भ

बर्षभन्दा अघिल्लो बर्ष उपभोग वा बिक्री गरेर बाँकि रहन आएको वस्तु चालु बर्षमा सुरुको मौज्दात हुन्छ भने सन्दर्भ बर्षको अन्त्यमा उपभोग वा बिक्रीका लागि बाँकी रहन आएको वस्तुलाई सन्दर्भ बर्षको अन्त्यको मौज्दात भनिन्छ ।

यस गणनाको लागि २०६८ साल श्रावण १ गतेको मौज्दातलाई सन्दर्भ बर्षको सुरुको मौज्दात र २०६९ साल आषाढ मसान्तको मौज्दातलाई सन्दर्भ बर्षको अन्त्यको मौज्दात मानी रकम उल्लेख गर्नु पर्दछ । मौज्दात वस्तुको परिमाणलाई प्रचलित मूल्य (Current price) मा मूल्यांकन गरी रु. हजारमा उल्लेख गर्नुपर्दछ ।

### ८.१ इन्धन

यस शिर्षक अर्न्तगत अस्पतालले खरिद गरेको इन्धन (डिजेल, पेट्रोल, एलपि ग्यास, विद्युत खरिद, वल्व आदि) प्रयोग गरी बाँकी रहेको इन्धन सन्दर्भ वर्ष भन्दा अगाडीको भएको सन्दर्भ वर्षको शूरुको मौज्दात महल ३ मा र अन्त्यको मौज्दात महल ४ मा उल्लेख गर्नुपर्दछ ।

### ८.२ सर्जिकल सामग्री

यस शिर्षक अर्न्तगत अस्पतालले स्वास्थ्य सेवा उपलब्ध गर्ने क्रममा शल्यक्रिया आदिको प्रयोजनका लागि सर्जिकल सामग्रीहरु खरिद गरेको हुन सक्छ । यस्तो सामानहरु कुनै सन्दर्भ वर्षमा पुरा उपयोग नभइ मौज्दात रहन सक्छ । पुँजिगत सर्जिकल सामानबाहेकको मौज्दातमात्र यहाँ लेख्नुपर्छ । यस्तो मौज्दात सन्दर्भ वर्ष भन्दा अगाडीको भएको सन्दर्भ वर्षको शूरुको मौज्दात र अन्त्यको मौज्दात सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

### ८.३ औषधी

यस शिर्षक अर्न्तगत अस्पतालले स्वास्थ्य सेवा उपलब्ध गर्ने क्रममा उपचार आदि प्रयोजनका लागि विभिन्न औषधीहरु खरिद गरेको हुन सक्छ । यस्तो औषधीहरु कुनै सन्दर्भ वर्षमा पुरा उपयोग नभइ मौज्दात रहन सक्छ । यस्तो मौज्दात सन्दर्भ वर्ष भन्दा अगाडीको भएको सन्दर्भ वर्षको शूरुको मौज्दात र अन्त्यको मौज्दात सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

### ८.४ अन्य

माथि उल्लेखित मौज्दात अन्तर्गतका शिर्षकहरुमा नपरेका वस्तुहरु मौज्दात भएको भए यस अन्तर्गत सम्पूर्ण वस्तुहरुको मुल्यांकन गरि ८.४ को महलहरुमा उल्लेख गर्नु पर्दछ । मौज्दातमा सरोट (Posting) गर्दा अरुको स्वामित्वमा हस्तान्तरण भैसकेको वस्तुहरु पनि मौज्दात भए त्यस्तो वस्तुको रकम यहाँ समावेश गर्नु हुदैन ।

## खण्ड ९. अस्पतालले तिरेको कर तथा शुल्क

अस्पतालले सर्न्दभ अवधिमा तिरेका एवं संकलन गरेका करहरुका बारेमा यस शिर्षक अर्न्तगत बिवरण भर्नुपर्छ । यस खण्डमा निम्न किसिमका कर तथा शुल्कहरुलाई समावेश गरिएको छ :–

- स्वास्थ्य सेवा कर, मुल्य अभिवृद्धिकर (भ्याट)
- स्थानीय निकायलाई तिरेको कर
- रजिष्ट्रेशन तथा नवीकरण शुल्क, इजाजत दस्तुर
- अन्य शुल्क तथा करहरु

### ९.१ स्वास्थ्य सेवा कर /मूल्य अभिवृद्धि कर (भ्याट)

अस्पतालले सेवा उपलब्ध गराउँदा स्वास्थ्य सेवा कर साथै आफ्नो सेवा विक्री गरी नेपाल सरकारलाई तिरेको भ्याट रकम यस शिर्षक अर्न्तगत राख्नु पर्दछ ।

### ९.२ स्थानीय निकायलाई तिरेको कर

अस्पतालले स्थानीय निकायलाई मासिक वा वार्षिक हिसाबले एकमुष्ट स्थानीय कर तिरेको हुन्छ । सन्दर्भ अवधिमा स्थानीय निकायहरु जस्तै गाउँ विकास समिति, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकालाई कुनै अस्पतालले स्थानीय कर भनेर कुनै रकम तिरेको भए सो वापतको वार्षिक रकमलाई उल्लेख गर्नुपर्दछ । तर अस्पताल निर्माण गर्दा समेत स्थानीय निकायको स्वीकृती एवं नक्सापास आवश्यक पर्ने भएको सो वापत तिरेको रकम यसमा समावेश गर्नु हुँदैन ।

### ९.३ दर्ता तथा नवीकरण शुल्क

प्रत्येक अस्पतालले प्रचलित कानून वमोजिम दर्ता हुनुपर्छ र वर्षेनी नवीकरण पनि गर्नुपर्छ । यसक्रममा सरकारी वा गैरसरकारी निकायहरुमा नियमानुसार तिरेको रजिष्टेशन तथा नविकरण शुल्क तथा सिफारिश दस्तुर वापतको वार्षिक रकमलाई रजिष्ट्रेशन तथा नवीकरण शुल्क तिरेको महलमा उल्लेख गर्नुपर्दछ । तर कुनै पेशागत संघ संस्थामा सदस्यता लिए वापत तिरेको सदस्यता शुल्कलाई यहाँ लेख्नु हुँदैन ।

### ९.४ अन्य कर, दस्तुर तथा शुल्कहरु

माथि उल्लेख भएदेखि वाहेक अन्य कुनै अप्रत्यक्ष करहरु, दस्तुरहरु वा शुल्कहरु वापत सन्दर्भ अवधिमा यदि कुनै अस्पतालले कुनै रकम भुक्तानी गरेको भए त्यस्तो वार्षिक रकमलाई यस महलमा उल्लेख गर्नुपर्दछ ।

## खण्ड १० : फोहोरमैला व्यवस्थापन सम्बन्धी विवरण :

अस्पतालमा विरामीलाई जाँच गर्दा, औषधी उपचार गर्दा र उपचार बारे अनुसन्धान गर्दा विभिन्न प्रकारका फोहोरमैलाहरुको उत्पादन हुने गर्छ ।अस्पतालबाट निस्कने फोहोरमैला विशेष प्रकृत्तिको हुन्छ र यसको सही व्यवस्थापन नभएमा विभिन्न किसिमका संक्रमणहरु फैलने सम्भावना हुन्छ , समाजको वातावरणलाई प्रदुषित पार्ने काम गर्छ । तसर्थ निजि अस्पतालहरुले आफनो अस्पतालबाट निस्कने फोहोरमैलाहरुको व्यवस्थापन के कसरी गर्ने गरेका छन् , सो को बारेमा सामान्य जानकारी लिनु यस खण्डको प्रमुख उद्देश्य हो । यस खण्डमा ११ वटा प्रश्नहरु समावेश गरिएका छन्, ति प्रश्नहरुको बारेमा विस्तृत चर्चा तल गरिएको छ ।

**१०.१** अस्पतालमा स्वास्थ्य सेवा दिने क्रममा विभिन्न प्रकारका फोहोरमैलाहरु उत्पादन हुने गर्छन् । त्यसरी उत्पादित फोहोरमैलामा विभिन्न किसिमका सामग्रीहरु जस्तै : खाना , सुई ,स्लाइनका बोतलहरु, औषधीहरु, कागजका टुक्राहरु , कपास आदी मिसिएको हुन्छ यसरी ति सामग्रीहरुलाई विभिन्न समुहमा छुट्टायउने कार्य गरिन्छ कि गरिदैन भनेर सोध्नु पर्छ । यदि अस्पतालले त्यसरी विभिन्न समुहमा छुट्टायउने कार्य गरिन्छ भने हुन्छ भन्नेमा गोलोघेरा लगाउने र छुट्टायउने कार्य गरिदैन भने हुँदैन भन्नेमा गोलोघेरा लगाउनु पर्छ ।

**१०.२**. अस्पतालमा सेवा प्रदान गर्ने क्रममा विभिन्न विभाग तथा कक्षहरुमा फोहोरमैलाहरु उत्पादन हुन्छन् । त्यसरी उत्पादन हुने फोहोरमैला कहाँ कहाँ छुट्टयाउने कार्य गरिन्छ सो को बारेमा सोधखोज गरी त्यसरी छुट्टयाउने कार्य गरिने ठाउँहरुमा गोलोघेरा लगाउनु पर्छ । अस्पतालमा फोहोरमैला अप्रेशन कक्षमा, वार्डहरुमा, प्रयोगशाला लगायतका ठाउँहरुमा छुट्टयाउने कार्य गरिन्छ ।

**१०.३** अस्पतालबाट उत्पादित हुने फोहारमैलाहरु विभिन्न किसिमका हुन्छन् । तीनका मुख्य किसिमहरु निम्नानुसार छन् :

१.धारिला वस्तुहरु (sharp waste): अस्पतालमा विभिन्न किसिमका धारिला वस्तुहरुको धेरै प्रयोग हुने गर्छ जस्तैः सुई ,सिरिन्ज,ब्लेड आदी । यस्ता सामग्रीहरुको एक पटक प्रयोग गरि सके पछि अर्को पटक साधारणतया प्रयोग गरिदैन ।

२. प्याथोलोजिकल फोहोरहरु (pathological waste) भन्नाले अस्पतालमा सेवा प्रदान गर्ने क्रममा उत्पन्न भएको मानवअंगहरु वा तन्तुहरु (any recognizable human or animal body part and tissue) लाई बुझाउनेगर्दछ ।

३. संक्रमित फोहोरहरु (Infectious waste) भन्नाले मानसहरुलाई संक्रमणहुने खतरा भएका वस्तुहरु जस्तै रोगलागेका व्यक्तिको रगत तथा रक्तजन्य तन्तुहरु, contaminated animal waste, blood soaked bandages, discarded surgical gloves, cultures, swabs to inoculate cultures आदि पर्दछन् ।

४. विकिरणयुक्त फोहोरहरु (Radioactive waste) भन्नाले रेडियो विकिरण उपचार विधिबाट उत्पन्न भएका विकिरणयुक्त विकारहरु, cancer therapies and radioactive isotopes प्रयोगहुने मेडिकल सामग्रीहरु पर्दछन् । जस्तै solid, liquid and gaseous waste contaminated with radionuclides generated from in vitro analysis of body tissue and fluid, in vivo body organ imaging and tumour localisation, and investigative and therapeutic procedures.

५. रासायनिक फोहोरहरु (Chemical waste) भन्नाले संक्रमणजन्य फाहोरमैलाहरु सफागर्दा त्यस्तो विधिबाट फालिएका वा उत्पन्न भएका रसायनहरु बुझिन्छ । (Chemical waste consists of discarded chemicals that are generated during disinfecting procedures or cleaning processes). यस्ता फोहोरहरु सबै hazardous हुँदैनन् तर यस्ता रासायनिक फाहोरहरु विषालु, जलनशील, प्रतिक्रीयाशील, विष्फोटकआदि गुणहरु हुन्छन् । जस्तै thermometers, blood-pressure gauges, photographic fixing and developing solutions in X-ray departments, halogenated or non-halogenated solvents, organic and in-organic chemicals रासायनिक फाहोरका उदाहरणहरु हुन् ।

६. औषधीजन्य फोहोरहरु (Pharmaceutical waste) भन्नाले म्याद नाघेका वा कुनै कारणबाट उपयोग गर्न नसकिने औषधीजन्य ठोस वा तरल वा ग्याँस पदार्थहरु बुझिन्छ । जस्तै Discernible liquid residues of cytotoxic concentrates, post-expiration-date cytotoxic pharmaceuticals and materials proven to be visibly contaminated by cytotoxic pharmaceuticals must be disposed of as cytotoxic pharmaceutical waste

७. अन्य (Others) : माथि उल्लेखितबाहेक कुनै पनि प्रकारका फाहोरहरु जस्तै कागजका टुक्राहरु, प्लाष्टिकका भाँडाहरु, प्लास्टिकहरु, भान्साघरबाट उत्पन्न फाहोरहरु आदि लाई अन्य प्रकारको फाहोरमा उल्लेख गर्नुँपर्दछ ।

**१०.४** अस्पतालबाट दैनिक उत्पादन हुने फोहोरमैलाको परिणाम सोधी यस महलमा उल्लेख गर्नु पर्छ । परिणाम उल्लेख गर्दा प्रतिदिन औसतमा उत्पादन हुने फोहोरको परिणाम किलोग्राममा उल्लेख गर्नु पर्छ । अस्पतालहरुले यस्तो परिणाम राख्ने नगरेको भएमा अनुमान गर्न लगाई लेख्नु पर्छ ।

**१०.५** अस्पतालबाट उत्पादन हुने दैनिक फोहोरको कुल परिणामलाई विभिन्न समुहरुमा छुट्टयाएर उल्लेख गर्नुपर्छ । परिणाम उल्लेख गर्दा प्रतिदिन औसतमा उत्पादन हुने फोहोरको परिणाम किलोग्राममा उल्लेख गर्नु पर्छ ।

**१०.६** अस्पतालमा फोहोरमैला छुट्टयाउन वा संकलन गर्नका लागि विभिन्न किसिमका सामग्रीहरुको प्रगोग गरिएको हुन्छ । साधारणतया अस्पतालहरुमा फोहोरमैला संकलन गर्नका लागि प्लास्टिकका भाँडाहरु , प्लास्टिक झोलाहरु , कागजका कार्टुन ,फलाम वा स्टिलका भाँडाहरु वा अन्य सामग्रीहरुको प्रयोग गरिएको हुन्छ । यी मध्ये एक भन्दा बढी सामग्रीहरुको समेत प्रयोग गरिएको हुन्छ । यसरी संकलन गर्न प्रयोग गरिने विभिन्न सामग्रीहरुको सोधखोज गरी सम्बन्धित महलमा चिन्ह लगाउनु पर्छ । एक भन्दा बढी प्रकारका सामग्रीहरुको प्रयोग गरिएको भएमा ति सबैमा चिन्ह लगाउनु पर्छ ।

**१०.७** अस्पतालमा उत्पादन भएको फोहोरमैला को अन्तिम विसर्जन ( Disposal ) विभिन्न तरिकाले गर्ने गरिन्छ । अस्पतालले उत्पादन गरेको फोहोरमैला अन्तिम विसर्जन कसरी गर्छ सो को सोधखोज गरी सम्बन्धित महलमा चिन्ह लगाउनु पर्छ । अस्पतालले फोहोरमैलाको अन्तिम विसर्जन न.पा. /गा.वि.स को संकलन केन्द्रमा फयाँकेर गर्न सक्छ । त्यस्तै आफनो साधनको प्रयोग गरि सिधैं ल्याण्डफिल साइटमा लगेर फयाँक्न सक्छ । यस्तै अन्यत्र कतै नफयाँकी आफनै अस्पताल परिसरमा खाल्डो खनि गाडन् पनि सक्छ । यो बाहेक अस्पतालले इन्सिरेशनको व्यवस्था गरी उच्च तापक्रममा त्यहाँ लगेर जलाएर नष्ट पनि गर्न सक्छ । अस्पतालले खुला चौरमा वा अन्य कतै जलाएर पनि अन्तिम विसर्जन गर्न सक्छ । यी माथि उल्लेख गरिएका बाहेक अन्य कुनै तरिकाले पनि अस्पतालले फोहोरमैलाको अन्तिम विसर्जन गर्न सक्छ , त्यसो भएको खण्डमा सो समेत खुलाउनु पर्छ । अस्पतालले एक भन्दा बढी किसिमको विधि प्रयोग गर्ने गरेको भएमा उक्त अस्पतालले सबैभन्दा बढी परिणाममा कुन विधिको प्रयोग द्वारा विसर्जन गरिन्छ , सो विधिमा मात्र गोलोघेरा लगाउनुपर्छ ।

**१०.८** अस्पतालमा फोहोरमैलाको व्यवस्थापन गर्नका लागि विभिन्न किसिमका कर्मचारीहरुको व्यवस्था गरिएको हुन्छ । यस्ता कर्मचारीहरु भए नभएको एकिन गरी भएमा संख्या समेत खुलाउनु पर्छ ।

**१०.९** अस्पतातालमा फोहोरमैला व्यवस्थापन गर्नका लागि भएका कर्मचारीहरुले तत्सम्बन्धी तालिम लिएको वा नलिएको एकिन गरी लिएको भएमा छ मा गोलोघेरा लगाउने र नलिएको भएमा छैन मा गोलोघेरा लगाउने ।

**१०.१०** अस्पतालले आफनो संस्थामा उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन गर्नका लागि मासिक के कति खर्च गर्छ सो को सोधखोज गरी यस महलमा लेख्नु पर्छ । खर्च उल्लेख गर्दा यस कार्यमा संलग्न कर्मचारीहरुको तलब , ज्याला , यातायातको साधनको ढुवानी खर्च , अन्य प्रशासनिक खर्चहरु सबै सोधी एकमुष्ट उल्लेख गर्नु पर्छ ।

**१०.११** अस्पतालले उत्पादन गर्ने फोहोरमैला व्यवस्थापन गर्नका लागि सम्बन्धित स्थानीय निकायहरुको सहयोग र सहकार्य छ वा छैन सो सोधी उल्लेख गर्नु पर्छ । आफनो क्षेत्र भित्रको फोहोरमैला व्यवस्थापन कार्य गर्ने मुख्य जिम्मेवारी स्थानीय निकायहरुको भएकाले उनीहरुको सहयोग र सहकार्य अस्पतालहरुलाई छ वा छैन भनी जानकारी लिनु यस प्रश्नको मुख्य उद्देश्य हो ।